त्रिभुवन विश्वविद्यालय
मानविकी तथा सामाजिक शास्त्र सङ्काय
डीनको कार्यालय, बल्खु, काठमाडौं ।

Faculty of Humanities and Social Sciences
Dean's Office
T.U. Kirtipur

मिति:२०७९/१०/१०

**स्नातकोत्तर तथा अधिस्नातक तह (MA& PGD) मा नयाँ विद्यार्थी भर्ना सम्बन्धी संशोधित सूचना**

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्काय, डीनको कार्यालयबाट सेमेस्टर प्रणालीमा आधारित **शैक्षिक वर्ष २०२२ (२०७८/०७९)** को अधिस्नातक (PGD) तथा स्नातकोत्तर (MA) तहका केन्द्रीय विभागहरू/क्याम्पसहरू तथा विभाग/कार्यक्रमहरूमा नयाँ विद्यार्थी भर्ना कार्यक्रम देहाय बमोजिम सञ्चालन हुने भएकाले सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

आवेदकहरूद्वारा भर्ना हुन चाहेको विषय तथा अध्ययन गर्न चाहेको केन्द्रीय विभाग/क्याम्पस/कार्यक्रमको नाम उल्लेख गरी entrance.tufohss.edu.np मार्फत अनलाइन आवेदन फाराम भर्न सकिने छ । म्याद नाघी प्राप्त हुन आएका र रीत नपुगेका आवेदन फाराम उपर कुनै कार्यवाही हुने छैन । यस सम्बन्धी अन्य विस्तृत विवरण यस सङ्कायको वेवसाइटबाट प्राप्त गर्न सकिने छ ।

- **आवेदनका लागि न्यूनतम योग्यता:** त्रि.वि. वा त्यसबाट मान्यता प्राप्त शिक्षण संस्थाबाट सम्बन्धित विषयमा स्नातक तह वा सो सरहको परीक्षा उत्तीर्ण गरेका एवम् सम्बन्धित विषय समितिले निर्धारण गरेका अन्य मापदण्डहरू पूरा गरेका तथा ३ वर्षे स्नातक कार्यक्रम अन्तर्गत पहिलो र दोस्रो वर्ष उत्तीर्ण भई तेस्रो वर्षको नतिजा पर्खाइमा रहेका तथा ४ वर्षे स्नातक कार्यक्रम अन्तर्गत पहिलो, दोस्रो र तेस्रो वर्ष उत्तीर्ण भई चौथो वर्षको नतिजा पर्खाइमा रहेका परीक्षार्थीहरू यस प्रवेश परीक्षामा सहभागी हुन सक्ने छन् तर भर्ना हुँदा स्नातक तह उत्तीर्ण भएको शैक्षिक प्रमाण-पत्र अनिवार्य रूपमा पेश गर्नुपर्ने छ ।
- **आवेदन फाराम भर्ने समयावधि:** २०७९ साल माघ २४ गते रातको १२:०० बजेसम्म ।
- **विलम्व शुल्कमा आवेदन फाराम भर्ने समयावधि :**२०७९ साल माघ २५ गतेदेखि २६ गते रातको १२:०० बजेसम्म ।
- **आवेदन दस्तुर:** रू. १५००/- र विलम्व दस्तुर रू. ३०००/- (आवेदकहरूले Online फाराम भर्ने बेलामा e-Sewa अथवा Khalti मार्फत आवेदन दस्तुर तिर्नुपर्ने छ र जम्मा भइसकेको दस्तुर फिर्ता नहुने व्यहोरा समेत जानकारी गराइन्छ) ।
- **प्रवेश परीक्षा मिति:** नियमित कार्यक्रम तथा आन्तरिक स्रोतबाट सञ्चालित अधिस्नातक (PGD) तथा स्नातकोत्तर (MA) कार्यक्रमहरूको देहाय बमोजिम निर्धारण गरिएको छ :-

| S. N. | Exam Date | Programme |
|---|---|---|
| | | **Master's Degree - MA Programme : Regular Programme** |
| 1. | 2079-10-28 | Anthropology, Buddhist Studies, Economics, English, Fine Arts, Dance, Nepalese History Culture and Archeology (NeHCA), Geography, Hindi, History, Journalism and Mass Communication, Home Science, Library Science, Linguistics, Maithili, Nepalbhasha, Nepali, Political Science, Population Studies, Psychology, Rural Development, Sanskrit and Sociology |

| | | |
|---|---|---|
| **2.** | 2079-10-29 | **Post Graduate Diploma Programme: Self-sustainable Programme (आन्तरिक स्रोतबाट सञ्चालित अधिस्नातक (PGD) कार्यक्रमहरू)** |
| | | Counseling Psychology, Dietetics and Public Health Nutrition, School Counseling, Women Studies and Yoga Science |
| **3.** | | **Master's Degree- MA Programme : Self-sustainable Programme (आन्तरिक स्रोतबाट सञ्चालित स्नातकोत्तर कार्यक्रमहरू)** |
| **Group A** | 2079-11-01 | International Relations and Diplomacy(IRD), Conflict Peace and Development Studies (CPDS), Social Work and Sports Science |
| **Group B** | 2079-11-02 | Labour Studies, Counseling Psychology, Governance and Anti-corruption Studies, Gender Studies, Tourism and Hospitality Management Studies, Crisis Management Studies and Yogic Science |

- **परीक्षा समय:** दिउँसो १:०० बजेदेखि
- प्रवेश परीक्षाको अङ्कभार १०० पूर्णाङ्कको हुने छ जसमा स्नातक तहको सम्बन्धित विषयको पाठ्यक्रमका आधारमा वहुवैकल्पिक प्रश्नहरू ५० वटा सोधिने छ । उक्त परीक्षाको उत्तीर्णाङ्क ४० प्रतिशत हुने छ । आन्तरिक स्रोतबाट सञ्चालित स्नातकोत्तर कार्यक्रमहरूको भने सम्बन्धित विषय समितिले निर्धारण गरे बमोजिम हुने छ ।
- **प्रवेश परीक्षाको नतिजा प्रकाशन:** नियमित कार्यक्रमहरूको २०७९ साल फागुन ०४ गते र आन्तरिक स्रोतबाट सञ्चालित कार्यक्रमहरूको २०७९ साल फागुन ०५ गते ।
- **विद्यार्थी भर्ना :** नियमित कार्यक्रमको २०७९ साल फागुन ०५ गतेदेखि १५ गतेसम्म र आन्तरिक स्रोतबाट सञ्चालित कार्यक्रमहरूको २०७९ साल फागुन ०८ गतेदेखि १५ गतेसम्म ।
- **कक्षा सञ्चालन:**२०७९ साल फागुन १६ गतेदेखि ।
- परीक्षा केन्द्र सम्बन्धी सूचना यस सङ्कायको website: **www.tufohss.edu.np** मा पछि प्रकाशित गरिने छ ।

**नोट:**

- सम्बन्धित क्याम्पस/विभाग/कार्यक्रमहरूले परीक्षार्थीहरूले अनलाइन मार्फत भरेका आवेदन फारामहरू डीन कार्यालयले उपलब्ध गराएको **username** र **password** प्रयोग गरी आवेदन दस्तुर, मिल्दो विषय आदि Verify गर्नु पर्ने छ । सम्बन्धित क्याम्पस/विभाग/कार्यक्रमहरूवाट Verify भए पश्चात् डीन कार्यालयबाट Approved भइसकेपछि मात्र मिति २०७९ साल माघ २५ गतेदेखि परीक्षार्थीहरूले आफ्नै **username** र **password** प्रयोग गरी प्रवेश-पत्र प्राप्त गर्न सक्ने छन् ।
- साथै, त्रि.वि. कार्यकारी परिषद्को निर्णयअनुसार क्याम्पसहरूले सम्बन्धन/स्वीकृति लिएका प्रत्येक विषयहरूमा अनिवार्य रुपमा कम्तीमा १० जना विद्यार्थी भर्ना गरी कार्यक्रम सञ्चालन गर्न समेत सूचित गरिएको छ । यदि १० जना भन्दा कम विद्यार्थीहरू भएको खण्डमा सम्बन्धित विषयको पठनपाठन सञ्चालन गर्न नपाइने व्यहोरा समेत जानकारी गराइन्छ ।

Faculty of Humanities and Social Sciences Dean's Office T.U. Kirtipur

**सहायक डीन**